# नौमूले गाँउपालिकाको
# भूउपयोग मापदण्ड,२०८२

मितिः २०८२/०३/२५

कार्यपालिका बैठकबाट स्वीकृत

<u>प्रमाणीकरण गर्नेः</u>

(अध्यक्ष)

दस्तखतः

कार्यपालिका बैठकमा पेश भएको मितिः२०८२/०३/२५

कार्यपालिका बैठकबाट स्वीकृत भएको मितिः२०८२/०३/२५

प्रमाणीकरण भएको मितिः२०८२/०३/२५

नौमूले गाउँपालिका

गाँउ कार्यपालिकाको कार्यालय

नौमूले ,दैलेख

कर्णाली प्रदेश

नेपाल

## नौमूले गाउँपालिका भू-उपयोग क्षेत्र बर्गीकरण सम्बान्ध तयार गरिएको मापदण्ड तथा आधारहरु, २०८२

**प्रस्तावना:**

भूमिको द्वैध स्वामित्वको अन्त्य, जग्गाको हक सम्बन्धी व्यवस्थापन, भुमिको क्षमता तथा उपयुक्तता र उपयोगिता, भूमिको मौजुदा उपयोग र आवश्यकताका आधारमा भूमिको जोखिम,जटिल प्राकृतिक बनोट समेतलाई व्यवस्थित गराई भू-उपयोगमा अव्यवस्थित खण्डिकरण रोकथाम र सुदृढिकरण, आधुनिकीकरण गर्दै जान वाञ्छनिय भएकोले प्रशासकिय नियमित गर्ने ऐन, २०७५ को दफा ४ (१) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम साथै,भू-उपयोग ऐन २०७६ तथा भू-उपयोग नियमावली २०७९ र यसको पहिलो संशोधन को मापदण्ड तथा आधारहरुका अतिरिक्त देहाय अनुसार यस गाँउपालिकाको क्षेत्र अधिकार भित्रको जग्गालाई भू-उपयोग क्षेत्र बर्गीकरण गर्ने प्रयोजनको लागि वडा स्तरीय भेला गराई मापदण्ड तथा आधारहरु तयार गरी उक्त मापदण्ड तथा आधारहरुको बमोजिम यस नौमूले गाउँपालिका गाँउपालिकाको भू-उपयोग क्षेत्र नक्सालाई अध्यावधिक गरि सकेकाले उक्त नक्सा लाई आजको बैठकले स्विकृत गरि कित्तागत विवरण उपलब्ध गराउनको लागि नापी विभाग र नापी कार्यालय दैलेख पठाउने।

१. **संक्षिप्त नाम र प्रारम्भः-**

क) यस मापदण्डको नाम **"नौमूले गाउँपालिका भू-उपयोग क्षेत्र नक्सालाई अध्यावधिक गरि तयार गरिएको भू-उपयोग नक्सा, २०८२"** रहेको छ ।

ख)यो **भू-उपयोग क्षेत्र नक्सालाई** परीषद् बाट सिफारिस भई गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिबाट नौमूले गाउँपालिका क्षेत्र भित्र तुरुन्त लागु हुनेछ ।

२. **परिभाषा:—**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

क)"ऐन" भन्नाले भू—उपयोग ऐन, २०७६ लाई सम्झनुपर्दछ ।

ख)"नियमावली" भन्नाले भू—उपयोग नियमावली, २०७९ लाई सम्झनुपर्दछ ।

ग) "पालिका" भन्नाले नौमूले गाउँपालिकालाई सम्झनुपर्दछ ।

घ) "कार्यपालिका" भन्नाले नौमूले गाउँपालिकाको कार्यपालिकालाई सम्झनुपर्दछ ।

ङ) "आवासीय क्षेत्र" भन्नाले मानवीय बासस्थानको लागि प्रयोग भएको घर, जग्गा तथा घरसँग जोडिएको वा नजोडिएको गोठ, भकारो, ग्यारेज, तबेला, इनार, फलफूल बगैंचा, करेसाबारी, आँगन वा त्यस्तै अरु कुनै काममा प्रयोग गरिएको जग्गा सम्झनु पर्छ र सो शब्दले बसोबासको लागि प्रचलित कानून बमोजिम तोकिएको कुनै क्षेत्रलाई समेत जनाउँदछ ।

च) "औद्योगिक क्षेत्र" भन्नाले कुनै पनि कार्यस्थल वा वस्तु उत्पादन गर्ने उद्योग तथा सो सञ्चालन गर्ने प्रयोजनको लागि निर्माण गरिएका भवन, घर, टहराले चर्चेको जग्गा लगायत सो प्रयोजनको लागि छुट्याएका जग्गा सम्झनु पर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा उद्योग प्रवर्धन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम तोकिएको विशेष आर्थिक क्षेत्रलाई समेत जनाउँदछ ।

छ) "कृषि क्षेत्र" भन्नाले कृषि बाली उत्पादन, पशु-पन्छी पालन, फार्म हाउस, मत्स्य पालन, माहुरी पालन, रेशम खेती लगायत कृषिजन्य उत्पादन, बागबानी वा वनबाटिका, जडिबुटी र कृषि वनको लागि प्रयोग भएको वा हुन सक्ने जग्गा सम्झनु पर्छ ।

ज) "खानी तथा खनिज क्षेत्र" भन्नाले प्रचलित कानून बमोजिम खानी तथा खनिज पदार्थको उत्खनन, उत्पादन, शुद्धीकरण, प्रशोधन, सञ्चय गर्ने प्रयोजनको लागि छुट्याइएको क्षेत्र सम्झनु पर्छ ।

झ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

ञ) "भू—उपयोग" भन्नाले भूमिको उपयोग सम्झनु पर्छ ।

ट) "भू—उपयोग क्षेत्र" भन्नाले ऐनको दफा ४ बमोजिम वर्गीकरण गरिएको क्षेत्र सम्झनु पर्छ।

ठ) "भू—उपयोग क्षेत्र नक्सा" भन्नाले ऐनको दफा ५ बमोजिम तयार गरिएको भू—उपयोग क्षेत्र नक्सा सम्झनु पर्छ ।

ड) "भू—उपयोग योजना" भन्नाले भू—उपयोगलाई व्यवस्थित गर्न दफा ६ बमोजिम तयार गरिएको योजना सम्झनु पर्छ ।

ढ) "भूमि" भन्नाले पृथ्वीको सतह, सतहभन्दा सिधा तल पृथ्वीको केन्द्रसम्म र सतहभन्दा माथि पृथ्वीको गुरुत्वाकर्षणले भेट्ने सीमासम्मको भाग सम्झनु पर्छ ।

ण) "वन क्षेत्र" भन्नाले प्रचलित कानून बमोजिम तोकिएको वन क्षेत्र सम्झनु पर्छ ।

त) "व्यावसायिक क्षेत्र" भन्नाले बैङ्क, सहकारी र वित्तीय संस्था, पसल, होटेल, प्रदर्शनी कक्ष, पेट्रोल पम्प, गोदामघर, चलचित्र घर, स्वास्थ्य, सञ्चार, मनोरञ्जन सम्बन्धी सेवा, वस्तुको खरिद बिक्री हुने स्थान, कुनै साहित्यिक, वैज्ञानिक, प्राविधिक सेवा, सूचना तथा परामर्श उपलब्ध गराउने संस्था, अन्य कुनै व्यावसायिक प्रयोजनको लागि निर्माण गरिएको भवनले चर्चेको जग्गा तथा सो प्रयोजनको लागि छुट्याईएको जग्गा तथा पर्यटन व्यवसायले चर्चेको जग्गा सम्झनु पर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा बजार विस्तार गर्ने गरी प्रचलित कानून बमोजिम तोकिएको क्षेत्रलाई समेत जनाउँछ।

थ) "सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र" भन्नाले धार्मिक स्थल, धर्मशाला, पुरातात्विक महत्वका दरवार तथा प्रचलित कानून बमोजिम सांस्कृतिक तथा पुरातात्विक महत्त्वका क्षेत्र भनि तोकिएका क्षेत्र सम्झनु पर्छ ।

द) "सार्वजनिक उपयोगको क्षेत्र" भन्नाले विद्यालय, विश्वविद्यालय, छात्रावास, शवदाह स्थल, सडक, सिँचाई कूलो वा नहर, इनार, कूवा, चौतारी, पाटी, पौवा, गौशाला, उद्यान, बसपार्क, विमानस्थल, गौचर, खेलकुद मैदान तथा अन्य सार्वजनिक उपयोगको लागि निर्माण गरिएका भवन, घर, टहरा, स्थान तथा त्यस्ता संरचनाले चर्चेको जग्गा सम्झनु पर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा सार्वजनिक उपयोगको क्षेत्र भनि प्रचलित कानून बमोजिम तोकिएको क्षेत्रलाई समेत जनाउँछ ।

ध) "मापदण्ड" भन्नाले नौमूले गाउँपालिका कार्यपालिकाको कार्यालय, नौमूले गाउँपालिका, दैलेखबाट स्वीकृत मापदण्डलाई जनाउने छ ।

न) "अनुगमन समीति" भन्नाले यसै मापदण्ड अनुसार गठन गरिएको अनुगमन समीतिलाई जनाउने छ ।

## ३. भू- उपयोग मापदण्ड निर्धारणका आधारहरूः-

क) विद्यमान भू-उपयोगको अवस्था,

ख) नापी विभागले पठाएको भू-उपयोग क्षेत्र वर्गीकरणको तथ्याङ्क,

ग) सडक, बाटोको पहुच र सो को वर्गीकरण,

घ) कृषि उत्पादन र उत्पादकत्वको अवस्था,

ङ) वातावरण तथा बिपद संवेदनशीलता ,

च) भू-उपयोग ऐन २०७६,

छ) भू- उपयोग नियमावली २०७९ ,

ज) सामाजिक तथा आर्थिक पूर्वाधारको वितरण,

झ) सहरी बिकास योजना / आयोजना,

ञ) Google Satellite Images,

ट) GIS Analysis,

ठ) वडाबाट आएको राय-सुझाव र निर्णयहरु,

ड) विभिन्न क्षेत्रका विज्ञहरु र सर्वदलीय, सर्वपक्षीय भेलाबाट प्राप्त राय सुझाव ।

**४. भूउपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्डहरु:-**

१) हाल उपयोगमा रहेको जग्गालाई यस मापदण्डमा उल्लेख भएकोमा बाहेक नापी बिभागबाट हस्तान्तरण भएको वर्गीकृत भू-उपयोग क्षेत्र बमोजिम नै वर्गीकरण गर्ने।

२) जोखिम लगायत अन्य संवेदनशील तथा मध्यवर्ती क्षेत्रको जग्गालाई नापी बिभागबाट हस्तान्तरण भएको वर्गीकृत भू-उपयोग क्षेत्र बमोजिम नै वर्गीकरण गर्ने।

३) साविक बमोजिमका सरकारी, सार्वजनिक तथा सामुदायिक प्रयोजनका लागि प्रयोग हुने जग्गा, खुल्ला क्षेत्र ,पार्कहरु समेत(सेवा प्रदान गर्ने सरकारी कार्यालय बाहेक)लाई सार्वजनिक क्षेत्रमा बर्गिकरण गर्ने र सो को समुचित संरक्षणको नीति लिने ।

४) यस अघि नापी विभागबाट आवासीय, व्यवसायिक र औधोगिक क्षेत्रमा बिभाजन भएको जग्गालाई सोही वर्गीकरण गर्ने, तर नौमूले गाउँपालिका गुरुयोजना बमोजिम आवश्यकता र उपयुक्तता देखिएमा क्षेत्र परिवर्तन गर्न सक्ने ।

५) हाल उपयोगमा रहेको नदीनाला, ताल, तलैया, पोखरी लगायतका पानीजन्य उपयोगमा रहेको क्षेत्रलाई नदी, खोला, तथा सिमसार क्षेत्रमा वर्गीकरण गर्ने र नदी वा खोला क्षेत्रमा बसोबास तथा आवास क्षेत्र बनाउन र बस्न निषेध गर्ने ।

६) हाल उपयोगमा रहेका मठ मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायत धार्मिक क्षेत्रले चर्चेको जग्गा, परापूर्वकालमा देखिएका ऐतिहासिक धरोहर, सांस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्रहरुलाई सांस्कृतिक तथा पुरातात्विक क्षेत्रमा वर्गीकरण गर्ने।

७) गाउँ क्षेत्रमा नेपाल सरकार, उधोग मन्त्रालयबाट स्वीकृत औधोगिक क्षेत्र, औधोगिक ग्राम सञ्चालन सम्बन्धि कार्यविधि, २०७५ बमोजिम कम्तिमा एक वटा औधोगिक क्षेत्र, औधोगिक ग्राम निर्धारण गर्ने र स्वीकृति लिएर औधोगिक क्रियाकलापमा प्रयोग भइरहेका जग्गालाई समेत औधोगिक क्षेत्रमा वर्गीकरण गर्ने।

८) हाल कायम सबै किसिमका वन पैदावर क्षेत्र (निजी जग्गामा भएका बाहेक) लाई वन क्षेत्रमा वर्गीकरण गर्ने।

९) हाल चलन चल्तीमा उपयोग भइरहेको पसल, बैंक तथा वित्तीय संस्था, होटल, रेष्टुरा, हाटबजार लाग्ने स्थल, चमेना गृह, खाजा तथा फास्टफुड घर, व्यवसायिक प्रयोजनका लागि उपयोग गर्ने स्टोरेज क्षेत्र, सेवा प्रदान गर्ने सरकारी तथा निजी जग्गा, निजी क्षेत्रबाट संञ्चालित अस्पताल, विधालय, क्याम्पस, नर्सिङ होम, पोलिक्लिनिक, रेडियो तथा टेलिभिजन ब्रोडकास्टिङ्ग संस्था, इन्टरनेट सेवा प्रदायक संस्था लाई व्यवसायिक क्षेत्रमा बर्गीकरण गर्ने।

१०)स्थानिय तहबाट स्वीकृती प्राप्त गरी खानी खनिज जन्य पदार्थहरु जस्तै ढुङ्गा, गिटी, बालुवा उत्खनन् गर्ने क्षेत्रलाई खानी तथा खनिज क्षेत्रमा वर्गीकरण गर्ने।

११)अब उपरान्त यस नौमूले गाउँपालिका क्षेत्रको जग्गा कित्ताकाट गर्दा भू-उपयोग नियमावली २०७९ को दफा १२ मा उल्लेख भए बमोजिम कृषिको लागि न्यूनतम १०००.०० वर्ग मीटर र आवासिय र व्यवसायिक क्षेत्र को हकमा न्यूनतम १३०.०० वर्ग मीटर नघट्ने गरी कित्ताकाट गर्न सकिने छ ।

१२) जग्गाको मूल्य निर्धारण गर्दा कृषि क्षेत्रलाई विशेष प्राथमिकता दिईनेछ साथै कृषि तथा पशुजन्य उत्पादन क्षेत्रमा नौमूले गाउँपालिकाबाट दिईने सेवा सुविधाको दायरा बढाईनेछ ।

१३) कृषि / गैरकृषि क्षेत्र व्यक्तिको जग्गाधनी दर्ता प्रमाण पूर्जामा प्रविष्ट कित्ता नापीमा आधारीत गर्नु पर्ने भएकोले वर्गीकरण सिमाभित्र परेको जुन कित्ता पुरा क्षेत्रफलको ५० % भन्दा माथि परेको हुन्छ सोहि बमोजिम क्षेत्र कायम गरिनेछ ।

१४) पूर्णरुपमा मापदण्ड बमोजिम लगतकट्टा नभएका तर फिल्डमा मापदण्ड अनुसारको सडक भएका सडकहरुको हकमा मात्र फिल्ड निरीक्षण गरेर प्राविधिक प्रतिवेदनको आधारमा मात्र कित्ताकाट सिफारिस गरिनेछ ।

१५) केहि स्थानमा जस्तै बजार, गाँउटोल, घर, सडक किनारमा नक्सामा देखाइएको सडक मापदण्ड भन्दा फरक परेमा पनि त्यो आवासिय क्षेत्र र मापदण्डमा दायाँबायाँ भनेता पनि नक्सा बमोजिम हुनेछ।

१६) माथि उल्लेख भएबमोजिमका अलवा नौमूले गाउँपालिकामा रहेका तपसिल बमोजिमका क्षेत्रहरुलाई देहाएबमोजिम क्षेत्रमा वर्गीकरण गर्ने-

| | नौमूले गाउँपालिका वडा नं १ भूउपयोग जग्गा बर्गिकरणका आधार तथा मापदण्ड | | | | | |
|---|---|---|---|---|---|---|
| (क) | आवासीय क्षेत्र | | | | | |
| | क.स. | सडकको नाम | सडकको चौडाई (मिटर) | मापदण्ड- मिटर_ | | कैफियत |
| | | | | दाँया | बाँया | |
| | १ | तामेखोला, बाघखोर, भुर्सु, ठुटेसिमल, रचनेडाँडा सडकखण्डको दायाँबायाँ नक्सामा तोकिए बमोजिम | ९ | ५० | ५० | |
| | २ | बाघखोर, वडा कार्यालय, घरेलु, माथिल्लो तोलि सडकखण्डको दायाँबायाँ नक्सामा तोकिए बमोजिम | ७ | ३० | ३० | |
| | माथि उल्लेखित भू- उपयोग जग्गा बर्गिकरण क्षेत्रको मापदण्ड सडकको केन्द्र बाट लियको हो । | | | | | |
| (ख) | कृषि क्षेत्र | | | | | |
| | माथि आवासीय तोकिएको क्षेत्रवाहेक अन्य सम्पुर्ण व्यक्तिको जग्गा कृषि क्षेत्रमा वर्गीकरण गरिएको, | | | | | |
| | क.स. | सडकको नाम | | | | |
| | १ | माथिल्लो तोलि, लेखतोलि,(ठाडोखोला)-कृषि | | | | |

| | | |
|---|---|---|
| | २ | माथिल्लो तोलि, तोलिखोला-मा.वि. भाङ्गारी, घट्टेखोला, डाडावारी विधालय, वस्नेत टोल- कृषि) |
| | ३ | घरेलु, तल्लो धनिगाऊ, तोलिखोला, तल्लो राइली, गुरुङ्ग टोल- कृषि |
| | ४ | नौमूले वजार (मिलन चोक) अवलतोलि प्रा.वि.- कृषि |
| | ५ | तामेखोला घरेलु - कृषि |
| | ६ | बाघखोर, तामेडाडा- कृषि |
| | ७ | भुर्सु, सिमखेत, खजुरी- कृषि |
| (ग) | **व्यवसायीक क्षेत्र :- नरहेको** | |
| (घ) | **औधोगिक क्षेत्र :- नरहेको** | |
| (ङ) | **साँस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र** | |
| | भैरव मन्दिर, जगनाथ मन्दिर, महादेव मन्दिर, मष्ट, माई थान, वडी मालिका मन्दिर, | |
| (च) | **नदि, खोला, ताल सिमसार क्षेत्र** | |
| | साविकका नक्शामा देखिने सम्पूर्ण नदि, खोलाहरु | |
| (छ) | **सार्वजनिक उपयोगको क्षेत्र** | |
| | भैरव मा.वि. नौमूले, ईलाका प्रहरी कार्यालय नौमूले, सहिद स्मृति भवन, नेरा प्रा.वि., नेरा प्रा.वि. लेखतोलि, नेरा मा.वि. भाङघारी, भवानि प्रा.वि. राइलि, कृष्ण भैरव प्रा.वि., नेरा प्रा.वि. तोलि, १ नं. वडा कार्यालय, तोलि स्वास्थ्य चौकी, सामुदायिक वन तोलि, तामेडाडा वन, सामुदायिक स्वास्थ्य इकाइ राइली, | |
| (ज) | **वन क्षेत्र :- सम्पूर्ण सामुदायिक तथा राष्ट्रिय वन** | |
| (झ) | **खानी तथा खनिज क्षेत्र :-रहेको**<br>तोलि खोला स्लेट खानि | |
| (ञ) | **नेपाल सरकार बाट आवस्यकता अनुसार तोकियको अन्य क्षेत्र :- नरहेको** | |
| | | |
| | **नौमूले गाउँपालिका वडा नं २ भूउपयोग जग्गा वर्गीकरणका आधार तथा मापदण्ड** | |
| (क) | **आवासीय क्षेत्र** | |

| | क्र.स. | सडकको नाम | सडकको चौडाई (मिटर) | मापदण्ड- मिटर_ दाँया | मापदण्ड- मिटर_ बाँया | कैफियत |
|---|---|---|---|---|---|---|
| | १ | नौमूले, बालटार, मसार, आलेगाँउ, रापट (वडा कार्यालय) कोप्रेखोला, | ७ | ३० | ३० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | नौफेरी, जुगेपानी, गोरुजुरे, भावसैनी, नाउलि, महाबु सडकखण्डको दायाँबाया नक्सामा तोकिए बमोजिम | | | | |

| | |
|---|---|
| | माथि उल्लेखित भू- उपयोग जग्गा बर्गिकरण क्षेत्रको मापदण्ड सडकको केन्द्र बाट लिएको हो \| |
| (ख) | **कृषि क्षेत्र** |
| | माथि आवासीय तोकिएको क्षेत्रवाहेक अन्य सम्पुर्ण व्यक्तिको जग्गा कृषि क्षेत्रमा वर्गिकरण गरिएको, |
| | धनसार, घियाचा -कृषि सडक, |
| | पधेराखोला, (आलेगाँउ विधालय) घियाचा, ठाडोखोला, आखेगौरा, एक्ले-सवै कृषि |
| | मसार,स्याउली - कृषि सडक |
| | नौफेरी सल्लेरी- सवै कृषि |
| | भाभसैनी, लोहोरेखोला (भित्रि खोला) धोसखर्ड, स्वास्थ्य चौकी, निरगा (विरेन्द्र आ.वि.)- सवै कृषि |
| (ग) | **व्यवसायिक क्षेत्र :- नरहेको** |
| (घ) | **साँस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र** |
| | मष्ठ मन्दिर , खोले थान मन्दिर, महावै जगनाथ थान, कालिका मन्दिर |
| (ङ) | **नदि, खोला, ताल सिमसार क्षेत्र** |
| | खाल ताल |
| (च) | **सार्वजनिक उपयोगको क्षेत्र** |
| | Power house, भैरव प्रा.वि. धन्सार, पिपलडाँडा वाल विकास केन्द्र, श्री नेरा मा. वि. आलेगाउ, आमा समुह, वडा कार्यालय (०२), स्वास्थ्य चौकी, भैरव आ.वि., विरेन्द्र आ.वि., सामुदायिक इकाई केन्द्र, भावसैनी प्रा.वि., पातलपानि वाल विकास, तुलसी मा.वि. नौफेरी, दलित टोल वाल विकास |
| (छ) | **वन क्षेत्र :- सम्पूर्ण सामुदायिक तथा राष्ट्रिय बन** |
| (ज) | **खानी तथा खनिज क्षेत्र :- पहिचान नभएको** |
| (झ) | **औद्योगिक क्षेत्र:- लोहोरे खोला Power House** |

| | |
|---|---|
| (ज) | नेपाल सरकार बाट आबस्यकता अनुसार तोकियको अन्य क्षेत्र :- नरहेको |
| | |
| | नौमूले गाउँपालिका वडा नं ३ भूउपयोग जग्गा वर्गीकरणका आधार तथा मापदण्ड |
| (क) | आवासीय क्षेत्र |

| क्र.स. | सडकको नाम | सडकको चौडाई (मिटर) | मापदण्ड-मिटर_ | | कैफियत |
|---|---|---|---|---|---|
| | | | दाँया | बाँया | |
| १ | लोहोरेखोला,( वालटार) द्वारीखोला (भूगल hydropower) स्याउली वजार, हिले , upper lohore hydropower मुहान सम्म वस्ति, सडकखण्डकों दायाँबाया नक्सामा तोकिएको बमोजिम | ७ | ३० | ३० | |

| | |
|---|---|
| (ख) | कृषि क्षेत्र |
| | सिस्नेरी, भूरुङ्गेडाँडा, मेहलडाँडा, वडा कार्यालय, द्वारीडाँडा, स्याला, भाडे, भाडे तल्लो गाउँ, कागते-कृषि |
| | वडा कार्यालय, छिहिरा, भित्रीखोला दोभान, मान्द्रे, ठुलो गोपेनी, जैसिडाडा, ढलानपुल, द्वारीखोला-कृषि |
| | मान्द्रे, भित्रीखोला सुडगुर खाल |
| (ग) | व्यवसायीक क्षेत्र :- नरहेको |
| (घ) | औधोगिक क्षेत्र :- upper lohore hydropower, Bhugol hydropower |
| (ङ) | साँस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र |
| | मष्ठ मन्दिर |
| (च) | नदि, खोला, ताल सिमसार क्षेत्र |
| (छ) | सार्वजनिक उपयोगको क्षेत्र |
| | भैरव प्रा.वि., सामुदायिक स्वास्थ्य इकाई, सरस्वति प्रा.वि भाडे, नेरा मा.वि. द्वारी , ३ नं. वडा कार्यालय, द्वारी स्वास्थ्य चौकी, वुलवुले प्रा.वि. भित्रीखोला, जन-जागृति प्रा. वि. छिहिरा, नेरा आ.वि. जैसिडाँडा , ब्राहथान स्वास्थ्य इकाई, वाल आ.वि. पोखरी डाडा, |

| | |
|---|---|
| (ज) | वन क्षेत्र :- सम्पूर्ण सामुदायिक तथा राष्ट्रिय बन |
| (झ) | खानी तथा खनिज क्षेत्र :- रहेको |
| (ञ) | नेपाल सरकार बाट आवस्यकता अनुसार तोकियको अन्य क्षेत्र :- नरहेको |
| | नौमूले गाउँपालिका वडा नं ४ भूउपयोग जग्गा वर्गीकरणका आधार तथा मापदण्ड |
| (क) | आवासीय क्षेत्र |

| क.स. | सडकको नाम | सडकको चौडाई (मिटर) | मापदण्ड-मिटर_ | | कैफियत |
|---|---|---|---|---|---|
| | | | दाँया | बाँया | |
| १ | ढाणगाउँ, दरवारे वाङ्गे (कालिकावजार) तल्लोगाउँ भित्रिखोला चौका सडकखण्डको दायाँबाया नक्सामा तोकिए बमोजिम | ९ | २५ | २५ | |
| २ | ढाणगाउँ, वाङ्गे नक्सामा तोकिएको बमोजिम आवासीय | ७ | | | |

माथि उल्लेखित भू- उपयोग जग्गा वर्गिकरण क्षेत्रको मापदण्ड सडकको केन्द्र बाट लिएको हो।

| | |
|---|---|
| (क) | कृषि क्षेत्र |
| | माथि आवासीय तोकिएको क्षेत्रवाहेक अन्य सम्पुर्ण व्यक्तिको जग्गा कृषि क्षेत्रमा वर्गीकरण गरिएको, |

| क.स. | सडकको नाम |
|---|---|
| | |
| | १. दोभान सियाला सडक-कृषि सडक |
| | २. जुमलीडाँडा, सानो दरवारे, नौगाउँ सडक-कृषि सडक |

| | |
|---|---|
| (ख) | व्यवसायीक क्षेत्र : नरहेको |
| (ग) | औधोगिक क्षेत्र : नरहेको |
| (घ) | साँस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्रः कालिका मन्दिर |
| (ङ) | नदि, खोला, ताल सिमसार क्षेत्र |
| | साविकको नापनक्सा भएको नदि, खोला, ताल, सिमसार क्षेत्र |
| (च) | सार्वजनिक उपयोगको क्षेत्र |
| | कालिका मा. वि. टिमुरे , उत्तेसेनि वल सितल प्रा.वि., भुतेदह वराह प्रा.वि., प्रगतिशिल प्रा.वि., कालिका प्रा.वि., शिम प्रा.वि., महेन्द्र नि.मा.वि., स्वास्थ्य इकाई |

| | |
|---|---|
| | टिमुरे, वडा कार्यालय बाङ्गे, कालिका स्वास्थ्य चौकी, |
| (छ) | **वन क्षेत्र : सम्पूर्ण सामुदायिक तथा राष्ट्रिय वन** |
| (ज) | **खानी तथा खनिज क्षेत्र :- नरहेको** |
| (झ) | **नेपाल सरकार बाट आबस्यकता अनुसार तोकियको अन्य क्षेत्र :- रहेको** |
| | |
| | **नौमूले गाउँपालिका वडा नं ५ भूउपयोग जग्गा वर्गीकरणका आधार तथा मापदण्ड** |
| (क) | **आवासीय क्षेत्र** |

| क.स. | सडकको नाम | सडकको चौडाई (मिटर) | मापदण्ड-मिटर_ | | कैफियत |
|---|---|---|---|---|---|
| | | | दाँया | बाँया | |
| १ | नौमूले भित्री खोला चिसापानि क्षेत्रमा सडकको छेउ र वस्ति जुन नक्सामा तोकिए बमोजिम खण्ड खण्डमा आवासिय हुने | ९ | २५ | २५ | |
| २ | नौमूले भित्री खोला चिसापानि क्षेत्रमा सडकको दायाँवायाँ र नक्सामा तोकिए बमोजिम आवासिय हुने | ७ | २५ | २५ | |

| | |
|---|---|
| | माथि उल्लेखित भू- उपयोग जग्गा वर्गीकरण क्षेत्रको मापदण्ड सडकको केन्द्र बाट लिएको हो । |
| (ख) | **कृषि क्षेत्र** |
| | नौमूले भित्री खोला चिसापानि क्षेत्रमा सडकको छेउ र वस्ति जुन नक्सामा तोकिए बमोजिम आवासिय क्षेत्र वाहेक |
| | गजमाली डाँडा देखि घट्टे खोला सम्म -कृषि |
| | नौलाथर देखि माथिल्लो घट्टे खोला-कृषि |
| | सालकोट गैही टोल-कृषि |
| | सालडाँडा नौगाँउ दुनदुरे-कृषि |
| | चिसापानि तिरुवा टोल बमकुना जोड्ने सडक-कृषि |
| | नक्सामा देखाइएको कृषि सडक |
| | राना खोला नौगाँउ-कृषि |
| (ग) | **व्यवसायीक क्षेत्र :- नरहेको** |
| (घ) | **औद्योगिक क्षेत्र :- Hydropower** |

| | |
|---|---|
| (ङ) | **साँस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र** |
| | शिव मन्दिर |
| (च) | **नदि, खोला, ताल सिमसार क्षेत्र** |
| (छ) | **सार्वजनिक उपयोगको क्षेत्र** |
| | नौमुले स्वास्थ्य चौकी, वडा कार्यालय, फुलवारी वाल शिक्षा, गेता भैरव प्रा.वि., लालिगुरास मा.वि. फिल्ड, नौगाँउ, रानाखोला खेल मैदान, सामुदायिक स्वास्थ्य चौकी, भैरवनाथ प्रा.वि., गा.वि.स. भवन |
| (ज) | **वन क्षेत्र :- सम्पूर्ण सामुदायिक तथा राष्ट्रिय बन** |
| (झ) | **खानी तथा खनिज क्षेत्र :- रहेको/नरहेको** |
| (ञ) | **नेपाल सरकार बाट आबस्यकता अनुसार तोकियको अन्य क्षेत्र :- नरहेको** |
| | |
| | **नौमूले गाउँपालिका वडा नं ६ भूउपयोग जग्गा वर्गीकरणका आधार तथा मापदण्ड** |
| (क) | **आवासीय क्षेत्र** |

| क.स. | सडकको नाम | सडकको चौडाई (मिटर) | मापदण्ड-मिटर_ | | कैफियत |
|---|---|---|---|---|---|
| | | | दाँया | बाँया | |
| १ | घट्टेखोला, सिलाडि, शिवशत्ति, वाउनथर, स्वास्थ्य चौकी, राकाखोला सडकखण्डको दायाँबाया नक्सामा तोकिए बमोजिम | ९ | ५० | ५० | |

| | |
|---|---|
| | माथि उल्लेखित भू- उपयोग जग्गा वर्गिकरण क्षेत्रको मापदण्ड सडकको केन्द्र बाट लिएको हो । |
| (ख) | **कृषि क्षेत्र** |
| | माथि आवासीय तोकिएको क्षेत्रवाहेक अन्य सम्पुर्ण व्यक्तिको जग्गा कृषि क्षेत्रमा वर्गिकरण गरिएको, |

| क.स. | सडकको नाम |
|---|---|
| १ | स्वास्थ्य चौकी,माथिल्लो नाउली, रातिमाटेडाँडा मानधारा, माथिल्लो घट्टेखोला सडक-कृषि क्षेत्र |
| २ | शिवशक्ति, पुर्वेटोल, गोगनपानी, लोहोरेखोला - कृषि क्षेत्र |

| | | |
|---|---|---|
| | | |
| | ३ | बट्टार, भलायडाडा चौराठा खोला - कृषि क्षेत्र |
| | ४ | दर्लामी टोल, टोटेखोला,वाठेखोला - कृषि क्षेत्र |
| | ५ | मालिका मोड, कुइयाचौर मोड, लेखालि टोल, पातिकान्ला - कृषि क्षेत्र |
| | ६ | जुगेपानिखोला, लेखाली टोल,- कृषि क्षेत्र |
| | ७ | कुइयाचौर मोड, देखि कुइयाचौर टोल - कृषि क्षेत्र |
| | ८ | शिवकैलास मन्दिर भेडाराखे डाडा - कृषि क्षेत्र |
| | ९ | सिलाडि खोप्चि खोला - कृषि क्षेत्र |
| | १० | घासीडाँडा खालाखोला विद्यालय - कृषि क्षेत्र |
| | ११ | सिलाडि,( पुजारी डाडा), तल्लो नाउली, लोहोरेखोला - कृषि क्षेत्र |
| | १२ | खालडाडा जुगेपानि - कृषि क्षेत्र |
| | १३ | पुरनपानि खोला देखी फलाटे राका खोला - कृषि क्षेत्र |
| (ग) | **व्यवसायीक क्षेत्र :- नरहेको** | |
| (घ) | **औधोगिक क्षेत्र :- नरहेको** | |
| (ङ) | **साँस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र** | |
| | शिव कैलाश मन्दिर, भैरव मन्दिर , शिव मन्दिर , पातिकान्ला मन्दिर , | |
| (च) | **नदि, खोला, ताल सिमसार क्षेत्र — साविकको नापनक्सा भएको नदि, खोला, ताल, सिमसार क्षेत्र** | |
| (छ) | **सार्वजनिक उपयोगको क्षेत्र** | |
| | स्वास्थ्य चौकी सल्लेरी, ०६ नं . वडा कार्यालय, वडा खेलकुद मैदान, शिव शक्ति मा.वि., जनता मा.वि., भैरव मा.वि., गोगनपानी प्रा.वि., चौतारा प्रा.वि, उप-स्वास्थ्य चौकी, जनता प्रा.वि. जग्गा, शिव शक्ति मा.वि. जग्गा, | |
| (ज) | **वन क्षेत्र :- सम्पूर्ण सामुदायिक तथा राष्ट्रिय वन** | |
| (झ) | **खानी तथा खनिज क्षेत्र :-नरहेको** | |
| (ञ) | **नेपाल सरकार बाट आवश्यकता अनुसार तोकियको अन्य क्षेत्र :- नरहेको** | |
| | **नौमूले गाउँपालिका वडा नं ७ भूउपयोग जग्गा वर्गीकरणका आधार तथा मापदण्ड** | |
| (क) | **आवासीय क्षेत्र** | |

| | क.स. | सडकको नाम | सडकको चौडाई | मापदण्ड-मिटर_ | कैफियत |
|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | (मिटर) | दाँया | बाँया | |
| | १ | गाडखोला, चौर, डाँडागाउँ, पैति, गल्फा, साम, बलकाटिया, दुनि, राका हुदै सल्लेरी जाने सडकखण्डको दायाँबाया नक्सामा तोकिए बमोजिम | ९ | ३० | ३० | |
| | २ | पैति, नेरा मा.वि. वडा कार्यालय, जरीखाना, देउराली सडकखण्डको दायाँबाया नक्सामा तोकिए बमोजिम | ७ | ३० | ३० | |
| | माथि उल्लेखित भू- उपयोग जग्गा वर्गिकरण क्षेत्रको मापदण्ड सडकको केन्द्र बाट लिएको हो । | | | | | |
| (ख) | **कृषि क्षेत्र** | | | | | |
| | क.स. | सडकको नाम | | | | |
| | १ | माथि आवासीय तोकिएको क्षेत्रवाहेक अन्य सम्पुर्ण व्यक्तिको जग्गा कृषि क्षेत्रमा वर्गिकरण गरिएको, | | | | |
| | २ | भित्रघर देखि पाल्त जाने बाटो-कृषि सडक | | | | |
| | ३ | मेहल तोला, सामा, वैलकाटिया -कृषि | | | | |
| | ४ | राका- तल्लोटोल -कृषि | | | | |
| | ५ | राका देखी फलाटे जाने सडक-कृषि सडक | | | | |
| | ६ | डाँडाँघर देखि थाप्ले जाने सडक-कृषि सडक | | | | |
| | ७ | फौजालि डाँडाँ देखि सन्तोषि प्रा.वि. जाने सडक-कृषि सडक | | | | |
| | ८ | छेडा देखि शिवताल जाने सडक-कृषि सडक | | | | |
| | ९ | नेरा मा.वि. देखि फिल्ड -कृषि | | | | |
| (ग) | **व्यवसायीक क्षेत्र :- नरहेको** | | | | | |
| (घ) | **औधोगिक क्षेत्र :- नरहेको** | | | | | |
| (ङ) | **साँस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र** | | | | | |
| | शिवताल मन्दिर, जगनाथ मन्दिर ,महावै मन्दिर , मालिका वासुधारा मन्दिर | | | | | |
| (च) | **नदि, खोला, ताल सिमसार क्षेत्र** | | | | | |
| | यस वडामा भएका सम्पुर्ण खोला, ताल | | | | | |
| (छ) | **सार्वजनिक उपयोगको क्षेत्र** | | | | | |

| | |
|---|---|
| | सन्तोषी प्रा.वि. जरीखाना पैति, नेरा मा.वि. डाँडाँगाउ पैति, जगनाथ प्रा.वि. राका पैति, ७ नं. वडा कार्यालय पैति, बाजथला फिल्ड पैति, पैति आधारभुत स्वास्थ्य चौकि, गाँउघर क्लिनिक, महिला भवन, कोल्ड स्टोर थापाटोल |
| (ज) | **वन क्षेत्र :- साबिकमा नापनक्सा भएको सम्पूर्ण वन,** |
| (झ) | **खानी तथा खनिज क्षेत्र :-नरहेको** |
| (ञ) | **नेपाल सरकार बाट आवश्यकता अनुसार तोकियको अन्य क्षेत्र :- नरहेको** |
| | |
| | **नौमूले गाउँपालिका वडा नं ८ भूउपयोग जग्गा वर्गीकरणका आधार तथा मापदण्ड** |
| (क) | **आवासीय क्षेत्र** |

| क.स. | सडकको नाम | सडकको चौडाई (मिटर) | मापदण्ड-मिटर दाँया | मापदण्ड-मिटर बाँया | कैफियत |
|---|---|---|---|---|---|
| १ | काँडाखोला सानीमाखु, लामपाट, ठानडाँडा वडा कार्यालय खतेना बाउदे, मलुखाडा डुडग्रा सडकखण्डको दायाँबाया नक्सामा तोकिए बमोजिम | ९ | ५० | ५० | |
| २ | खाडा जिरो पोइन्ट देखी गाडखोला दायाँबाया नक्सामा तोकिए बमोजिम | ७ | ३० | ३० | |
| ३ | खतेना बाउदे ( माथिल्लो ) वाउनगाउँ दायाँबाया नक्सामा तोकिए बमोजिम | ७ | ३० | ३० | |
| ४ | खतेना देखी तल्लो वाउदे दायाँबाया नक्सामा तोकिए बमोजिम | ७ | ३० | ३० | |
| ५ | खतेना, अम्लाचौर, सल्लेरी नौमूले सडकको दायाँबाया नक्सामा तोकिए बमोजिम | ७ | ३० | ३० | |
| ६ | मलु, गिरखानि, कालेखोला सडकको दायाँबाया नक्सामा तोकिए बमोजिम | ७ | ५० | ५० | |
| ७ | गिरखानि देखी-दह सडकखण्डको दायाँबाया नक्सामा तोकिए बमोजिम | ७ | ३० | ३० | |
| ८ | खतेना-जावै सडकखण्ड दुवै तर्फ | ७ | ३० | ३० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | दायाँबाया नक्सामा तोकिए बमोजिम | | | | |
| | ९ | आरने टोल-ढकढके, सिमाखानि गिरखानि सडकको दायाँबाया नक्सामा तोकिए बमोजिम | ७ | ३० | ३० | |
| | १० | ठानडाडा- माथिल्लो सानिमाखु, कुटि सडकखण्डको दायाँबाया नक्सामा तोकिए बमोजिम | ७ | ३० | ३० | |
| | ११ | लामपाटा, टिम्मुरेटोल चौराठि खोला सडकको दायाँबाया नक्सामा तोकिए बमोजिम | ७ | ३० | ३० | |
| | माथि उल्लेखित भू- उपयोग जग्गा वर्गीकरण क्षेत्रको मापदण्ड सडकको केन्द्रबाट लिएको हो । | | | | | |
| (ख) | **कृषि क्षेत्र** | | | | | |
| | अन्य क्षेत्रमा तोकिएको बाहेकको व्यक्तिको जग्गा कृषि क्षेत्र। | | | | | |
| (ग) | **व्यवसायीक क्षेत्र :- नरहेको** | | | | | |
| (घ) | **औधोगिक क्षेत्र :- नरहेको** | | | | | |
| (ङ) | **साँस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र** | | | | | |
| | महावै मन्दिर , भगवतीमाई मन्दिर, देउतिबजै मन्दिर, वराह मन्दिर, जगनाथ मन्दिर, भैसाखोर महावै मन्दिर, जिवन ज्योति चर्च, शिव कैलास मन्दिर, विन्ध्यावासिनि माई मन्दिर | | | | | |
| (च) | **नदि, खोला, ताल सिमसार क्षेत्र - नरहेको** | | | | | |
| (छ) | **सार्वजनिक उपयोगको क्षेत्र** | | | | | |
| | वडा कार्यालय खतेना, गौतम बुद्द आ.वि. सानीमाखु, वसन्त आ.वि. लामापटा, नेरा मा.वि. ठानडाँडा, जनज्योति आ.वि. अमलाचौर, स्वास्थय चौकि चौराठा , जगनाथ आ.वि. बाउँदे, अरनिको मा.वि. गिरखानी, खाडा आ.वि. चौराठा, | | | | | |
| (ज) | **वन क्षेत्र :- सम्पूर्ण सामुदायिक तथा राष्ट्रिय वन** | | | | | |
| (झ) | **खानी तथा खनिज क्षेत्र :-नरहेको** | | | | | |
| (ञ) | **नेपाल सरकार बाट आबस्यकता अनुसार तोकिएको अन्य क्षेत्र :- नरहेको** | | | | | |

१. माथि उल्लेखित बाहेकका सम्पूर्ण जग्गाहरु हाल नापी विभागले तोकिएको अनुरुप नै रहने छ ।

२. यदि कित्ता विवरणको Digital/ Hard Copy मा प्राविधिक कारणले त्रुटी भएको खण्डमा यस गाउँपालिकाको भू-उपयोग मापदण्ड र आधारमा फरक नपर्ने गरि सच्याउन सकिने छ । सो सच्याईएको व्यहोरा स्थानीय भू-उपयोग परिषद, मालपोत कार्यालय र नापी कार्यालयमा जानकारी गराउनु पर्नेछ ।

३. यस मापदण्ड र आधार बाहेक नेपाल सरकारको भूउपयोग ऐन २०७६ र भूउपयोग नियमावली २०७९ बमोजिम कार्यान्वयन गर्नु पर्नेछ ।

४. यस मापदण्ड र आधार अन्तर्गतका रहेका बाटोहरुको चौडाई तथा दाँया बाँयाका मापदण्ड छुट भएएको पाईएमा भू-उपयोग परिषदको निर्णय बमोजिम कार्यान्वयन गर्नु पर्नेछ ।

प्रमाणिकरण

मिति २०८२।०३।२५

आज्ञाले

प्रमुख प्रशासकीय अधिकृत